आज मिति २०८० साल भाद्र महिनाको २४ गते आइतवारका दिन यस बेसीशहर नगरपालिका नगर कार्यपालिकाका नगर प्रमुख श्री गुमान सिंह अर्याल ज्यूको अध्यक्षतामा यस बेसीशहर नगरपालिकाको विभिन्न विषयमा छलफल गर्नका लागी नगर कार्यपालिकाको "पच्चिसौं" बैठक बसी तपसिल बमोजिमको उपस्थिति मा तपसिल बमोजिमको छलफल एवं निर्णय गरियो ।

## उपस्थिति :-

| | | | |
|---|---|---|---|
| १, | नगर प्रमुख | | श्री गुमान सिंह अर्याल |
| २, | उप-प्रमुख | | श्री पद्मा गुरुङ |
| ३, | प्र. प्र. अधिकृत | | श्री इमनाथ कँडेल |
| ४, | वडा अध्यक्ष | (१) | श्री दुर्गा बहादुर बुढाथोकी |
| ५, | —॥— | (२) | श्री मदन बहादुर राना |
| ६, | —॥— | (३) | श्री चित्र बहादुर दनाई |
| ७, | —॥— | (४) | श्री गम बहादुर गुरुङ |
| ८, | —॥— | (५) | श्री इन्द्र बहादुर गुरुङ |
| ९, | —॥— | (६) | श्री प्रकाश थापा |
| १०, | —॥— | (७) | श्री छविराम बस्नेत |
| ११, | —॥— | (८) | श्री पवित्रा थापा राना |
| १२, | —॥— | (९) | श्री खुशी जङ गुरुङ |
| १३, | —॥— | (१०) | श्री गंगा बहादुर थापा |
| १४, | —॥— | (११) | श्री शिव प्रसाद जोशी |
| १५, | कार्यपालिका सदस्य | | श्री हिरा लाल विश्वकर्मा |
| १६, | —॥— | | श्री श्रीनाथ दुलाल |
| १७, | —॥— | | श्री कल्पना थापा बोहरा |
| १८, | —॥— | | श्री विमला न्यौपाने अधिकारी |
| १९, | —॥— | | श्री सुकमाया गुरुङ |
| २०, | —॥— | | श्री सुक माया घर्ती |
| २१, | —॥— | | श्री मानेमा परियार |

## सहजकर्ता कर्मचारी

| | | |
|---|---|---|
| २२, | कार्यक्रम अधिकृत | श्री मेघेन्द्र पोखरेल |
| २३, | स. प्र. अधिकृत | श्री गोविन्द बहादुर राउत |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८०/०५/२४ गतेको बैठक

**बेसीशहर नगर कार्यपालिकाको कार्यालय**

**लमजुङ, गण्डकी प्रदेश, नेपाल**

**नगर कार्यपालिकाको मिति २०८०/०५/२४ गतेको बैठकका प्रस्तावहरु**

१. अघिल्लो बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा ।
२. बालमैत्री स्थानीय शासनयुक्त वडा/बालमैत्री वडा घोषणा सम्बन्धमा ।
३. सामाजिक विकास समितिका निर्णयहरु जानकारी तथा अनुमोदन सम्बन्धमा ।
४. शिक्षा दिवसमा गरिने कार्यक्रमका सम्बन्धमा ।
५. विपन्न घरपरिवार सम्बन्धी तथ्यांक सम्बन्धमा ।
६. प्राकृतिक श्रोत उपयोग करको दररेट फरक परेको सम्बन्धमा ।
७. पोषणमैत्री स्वास्थ्य संस्था/पोषणमैत्री वडा घोषणा सम्वन्धमा ।
८. छानविन समितिको प्रतिवेदन सम्बन्धमा ।
९. लमजुङ दरबार हेरचाह कार्यालयलाई पुरातत्व विभाग मातहत रहने व्यवस्था मिलाउन अनुरोध गर्ने सम्बन्धमा ।
१०. विविध
    - आयोजनाको नाम सच्याउने सम्बन्धमा (रातो किताव पेज १०४, क्र. सं २५१)
    - वडास्तरीय कार्यक्रम ब्रेक डाउन सम्बन्धमा । (वडा नं १ र ११)

**बैठकबाट पारित निर्णयहरु**

**निर्णय नं १ : अघिल्लो बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा ।**

मिति २०८०/०५/१० गतेको नगरकार्यपालिका बैठकले गरेका निर्णयहरुको कार्यान्वयनको अवस्था बारे यस बैठकमा समीक्षा गरियो ।

**निर्णय नं २ : बालमैत्री स्थानीय शासनयुक्त वडा (बालमैत्री वडा) घोषणा सम्बन्धमा ।**

विगत २ बर्षदेखि बालमैत्री स्थानीय शासन पद्धति अवलम्बन गर्दै आएका बेसीशहर नगरपालिका वडा नं २ र १० लाई बालमैत्री स्थानीय शासनयुक्त वडा (बालमैत्री वडा) घोषणा गर्न सकिने वा नसकिने सम्बन्धमा दुई वटै वडामा सरोकारवालाहरुको बहुपक्षिय अनुमगन टोलीले स्थलगत अनुगमन गर्दा सो अनुगमन प्रतिवेदन र सम्बन्धित वडाहरुको सिफारिश समेतको आधारमा बालमैत्री स्थानीय शासन कार्यान्वयन प्रक्रियाका चरणहरुको कार्यान्वयनको अवस्था र वालमैत्री स्थानीय शासनका ५१ वटा सूचकहरु प्राप्तिको मापन गर्दा नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका,२०७८ को दफा २१ अनुसार वेसीशहर नगरपालिका वडा नं २ र १० लाई बालमैत्री स्थानीय शासनयुक्त वडा/बालमैत्री वडा घोषणा गर्न उपयुक्त देखिएको हुँदा उक्त वडाहरुलाई क्रमश यही भदौ २६ र २९ गतेका दिन समारोहका विच बालमैत्री वडा घोषणा गर्ने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८०/०५/२४ गतेको बैठक

**निर्णय नं ३ : सामाजिक विकास समितिका निर्णयहरु जानकारी तथा अनुमोदन सम्बन्धमा ।**

बिषयगत समिति अन्तर्गत सामाजिक विकास समितिको मिति २०८०।५।२२ गतेको बैठकले गरेका निर्णयहरु यस बैठकमा जानकारी गराइयो साथै उक्त बैठकका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं ४ : शिक्षा दिवसमा गरिने कार्यक्रमका सम्बन्धमा ।**

यही असोज २ गते राष्ट्रिय शिक्षा दिवस मनाउने सन्दर्भमा २०८० भदौ ३१ गते सवै विद्यालयका प्र.अ.हरु, शिक्षा समितिका पदाधिकारीहरु, बाल सञ्जाल र अन्य सरोकारवालाहरुको समेत सहभागितामा एक गोष्ठीको आयोजना गरी देहायका कार्यक्रमहरु सञ्चालन गर्नको लागि स्थानीय राजश्व फुटकर शिर्षकबाट रु. १ लाख विनियोजन गर्ने निर्णय गरियो ।

(क) मेयर शैक्षिक सुधार कार्यक्रमको सम्बन्धमा कार्यपत्र प्रस्तुतीकरण

(ख) एसईई र कक्षा ८ मा उत्कृष्ठ नतिजा ल्याउने छात्र छात्राहरु र विद्यालयहरुलाई सम्मान र पुरस्कृत गर्ने कार्यक्रम ।

(ग)स्थानीय पाठ्यक्रम अन्तर्गत सन्दर्भ सामाग्री विकास सम्बन्धी कार्यपत्र प्रस्तुतीकरण ।

**निर्णय नं ५ : विपन्न घरपरिवार सम्बन्धी तथ्यांक सम्बन्धमा ।**

गत आ.व. २०७९/०८० मा वडाहरु मार्फत लिइएको विपन्न घर परिवार सम्बन्धी तथ्यांक विवरणमा रहेका त्रुटीहरु सच्याइ पुनरावलोकन गर्नका लागि उक्त विवरण सवै वडाहरुमा पठाउने वडाहरुले १ महिना भित्र आवश्यक संशोधन गरी नगरपालिकामा पठाइसक्ने निर्णय गरियो ।

**निर्णय नं ६ : प्राकृतिक श्रोत उपयोग करको दररेट फरक परेको सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको आर्थिक ऐन २०८० मा प्राकृतिक श्रोत (ढुंगा,गिटी, बालुवा,ग्राभेल) को दररेट प्रति क्युविक फिट रु. ७ रहेको तर प्रदेश आर्थिक ऐनमा रु. ९ तोकिएको हुँदा प्रदेश आर्थिक ऐनको दररेट कै आधारमा प्राकृतिक श्रोत उपयोग कर सम्बन्धी सम्झौता गर्ने गराउने निर्णय गरियो ।

**निर्णय नं ७ : पोषणमैत्री स्वास्थ्य संस्था/पोषणमैत्री वडा घोषणा सम्बन्धमा ।**

बेसीशहर नगरपालिलकालाई पोषणमैत्री स्थानीय तहको रुपमा लैजानको लागि क्रमश पोषणमैत्री वडा घोषणा गर्दै जाने सम्बन्धमा नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको पोषणमैत्री स्थानीय तह कार्यान्वयन निर्देशिका २०७८ मा भएका व्यवस्था समेतको आधारमा यस बैठकमा छलफल गरियो साथै निर्देशिकामा उल्लेख भएका सूचकहरु पुरा गर्ने वडाहरुलाई क्रमश पोषणमैत्री वडा घोषणा गर्दै लैजाने निर्णय गरियो ।

**निर्णय नं ८ : छानविन समितिको प्रतिवेदन सम्बन्धमा ।**

बेसीशहर नगरकार्यपालिकाको गत २०८०/०५/१० को बैठकको निर्णय नं ११ वमोजिम गठित छानविन समितिको प्रतिवेदन यस कार्यपालिका बैठकमा पेश भइ छलफल हुँदा बेसीशहर नगरपालिका २ भकुण्डे स्थित बाल कल्याण माध्यमिक विद्यालय मा.वि.द्वितिय श्रेणीमा कार्यरत शिक्षक श्री तीर्थराज न्यौपानेको मा.वि.प्रथममा भएको बढुवा बदर सम्बन्धी पत्र नीज तिर्थराज न्यौपानेले बुझ्न इन्कार गरेपनि पत्रको व्यहोरा अवगत भएर नै पत्र नबुझेको तथा पत्र बुझ्नुपर्ने दायित्वबाट पन्छिएको साथै बढुवा बदर भएको जानकारी हुँदाहुँदै पनि मा.वि. प्रथमको स्केल वमोजिमको तलब फारम पेश गरेको र नगरपालिकाको

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८०/०५/२४ गतेको बैठक

शिक्षा शाखाको सन्दर्भमा शिक्षा विकास तथा समन्वय इकाईले उक्त बढुवा बदर सम्बन्धी बोधार्थ पत्र सो कार्यालयका कार्यालय सहयोगीले नगरपालिकको शिक्षा शाखा प्रमुखलाई बुझाएको साविती बयान दिएको सन्दर्भमा प्र.अ.तिर्थराज न्यौपाने र शिक्षा शाखा प्रमुखले आआफ्नो तर्फबाट भएको गल्ती महशुश गरेमा यो विषयलाई यहीं टुङ्ग्याउने निर्णय गरियो ।

**निर्णय नं ९ : लमजुङ दरबार हेरचाह कार्यालयलाई पुरातत्व विभाग मातहत रहने व्यवस्था मिलाउन अनुरोध गर्ने सम्बन्धमा ।**

बेसीशहर नगरपालिका वडा नं ३ र ४ मा पर्ने लमजुङ दरबार क्षेत्र र पुरानोकोट गढी क्षेत्रलाई संघीय सरकार मातहत राख्दा विश्व सम्पदा सूचीमा सूचीकृत गर्न र संरक्षण गर्न सहज हुने देखिएकोले बेसीशहर नगरपालिका ३ गाउँशहर स्थित लमजुङ दरबार हेरचाह कार्यालयलाई पुरातत्व विभाग मातहत रहने व्यवस्था मिलाउन नेपाल सरकार संस्कृति,पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं १० : आयोजनाको नाम सच्याउने सम्बन्धमा ।**

बार्षिक योजना पुस्तकमा भएको देहायको आयोजनाको नाममा रहेको त्रुटीलाई देहाय अनुसार संशोधन गर्ने निर्णय गरियो ।

**देहाय**

| भएको | हुनुपर्ने |
|---|---|
| १.सितामणी आमा समुह मील खरिद, बेनपा १० (रातो किताव पेज नं १०४/क्र.सं. २५१) | १.सितामाई आमा समुह मील खरिद, बेनपा १० |

**निर्णय नं ११ : वडास्तरीय कार्यक्रम ब्रेक डाउन सम्बन्धमा ।**

चालु आ.व. २०८०/०८१ का देहायका वडास्तरीय योजना तथा कार्यक्रमहरुलाई देहाय अनुसार ब्रेक डाउन/संशोधन गर्ने निर्णय गरियो ।

देहाय

| साविक योजना/कार्यक्रम | बजेट | संशोधित योजना/कार्यक्रम | बजेट |
|---|---|---|---|
| १. विविध कार्यक्रम,बेनपा ११ | ५००००० | १.१सिम्ले-झिगेखेला-कुलचौर सडक, बेनपा ११ | १००००० |
| | | १.२ बिष्टथर कुवा निर्माण,बेनपा ११ | ५०००० |
| | | १.३ बस्नेतगाउँ-सिम्ले कुलो मर्मत, बेनपा ११ | १००००० |
| | | १.४ बान्द्रे सत्तल निर्माण, बेनपा ११ | १००००० |
| २.स्वास्थ्य सेवा प्रवर्द्धनात्मक कार्यक्रम, औषधी पोषण बेनपा ११ | २००००० | २.१ स्वास्थ्य स्वयंसेविका यातायात खर्च, बेनपा ११ | ७२००० |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८०/०५/२४ गतेको बैठक

| साविक योजना/कार्यक्रम | बजेट | संशोधित योजना/कार्यक्रम | बजेट |
|---|---|---|---|
| | | २.२ बरबोट स्वास्थ्य शहरी केन्द्र, बेनपा ११<br>२.३स्ट्रेचर खरिद, बेनपा ११<br>२.४ पोषण खर्च (चिती थला हे.पो.) बेनपा ११ | ३००००<br>४५०००<br>५३००० |
| ३.जेष्ठ नागरिक तथा विपन्न सहयोग कार्यक्रम, बेनपा ११ | १००००० | ३. विपन्न दलित परिवारलाई सहयोग, बेनपा ११ | ५०००० |
| ४.कृषि/पशु सामाग्री व्यवस्थापन, वीउ विजन वितरण,सीपमुलक तालिम, बेनपा ११ | ३००००० | ४. विपन्न दलित परिवारलाई सहयोग, बेनपा ११ | ५०००० |
| ५.फुटकर तथा विविध, बेनपा १ | ४००००० | ५.१ समर रिफ्रेशमेन्ट कार्यक्रम, बेनपा १<br>५.२मनिता गुरुङ स्वास्थ्य उपचार<br>५.३ प्रकाशराज त्रिपाठीको घरको गोठ मर्मत<br>५.४ जनकल्याण मा.वि.उदिपुरको सभाहलको लागि पंखा खरिद<br>५.५खुल्ला तिजगीत प्रतियोगिता<br>५.६जात्रा प्रवर्द्धन<br>५.७ सिम्ले कुलो मर्मत<br>५.८ पाण्डेगाउँदेखि छापाटोल जाने बाटोको झाडी सरसफाइ | १७०००<br>१००००<br>१००००<br>१००००<br>१००००<br>१००००<br>१५०००<br>१५००० |

गुमान सिंह अर्याल
नगर प्रमुख